अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०९/२९

भाग-१

रुन्टीगढी गाउँपालिका

## शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२२

प्रस्तावनाः

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहगत र विद्यालयगत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यामिक माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा (५) को खण्ड (च) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) को दफा ११ (ज) ११ ले दिएको अधिकार बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको लागि प्रकृयागत रुपमा सरल,

सहज र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्धन गर्न बाञ्छनीय भएकोले रुन्टीगढी गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी रुन्टीगढी गाउँपालिकाले यो कार्यविधि २०८० बनाई लागु गरेको ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८० रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "ऐन"भन्नालेशिक्षाऐन, २०२८ सम्झनुपर्छ ।

(ख) "नियमावली"भन्नालेशिक्षानियमावली, २०५९ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय"भन्नालेशिक्षाविज्ञानतथाप्रविधिमन्त्रालयसम्झनुपर्छ।

(घ) "केन्द्र"भन्नालेशिक्षातथामानवस्रोतविकासकेन्द्रसम्झनुपर्छ।

(ङ) "प्रदेशमन्त्रालय"भन्नालेप्रदेशसरकारअन्तर्गतकोशिक्षाहेर्नेमन्त्रालयसम्झनुपर्छ।

(च) "इकाइ"भन्नालेशिक्षाविकासतथासमन्वयइकाइसम्झनुपर्छ।

(छ) "प्रमुख"भन्नालेशिक्षाविकासतथासमन्वयइकाइप्रमुखसम्झनुपर्छ।

(ज) "गाउँपालिका"भन्नालेरुन्टीगढीगाउँपालिकासम्झनुपर्छ।

(झ) "गाउँकार्यपालिका"भन्नाले रुन्टीगढीगाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ञ) "कार्यसमिति"भन्नालेशिक्षकदरबन्दीमिलानतथाव्यवस्थापनगर्नेप्रयोजनकालागि गठित समितिलाई सम्झनुपर्छ ।

(ट) "विद्यालय"भन्नालेप्रचलितकानुनबमोजिमअनुमतिवासञ्चालनमारहेको सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(ठ) "दरबन्दी"भन्नालेसामुदायिकविद्यालयमानेपालसरकारबाटप्राप्तभएकोस्वीकृत दरबन्दी सम्झनुपर्छ र सो शब्दले राहत अनुदान समेतलाई जनाउँछ ।

(ड) "प्रधानाध्यापक"भन्नालेसामुदायिकविद्यालयकोप्रधानाध्यापकवाप्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनुपर्छ ।

परिच्छेद – २

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी प्रकृया

३. शिक्षक दरबन्दी मिलानः शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ ।

(क) शैक्षिक सत्रको विद्यार्थी संख्याका आधारमा सत्यापन गर्दा आएको विवरण विद्यालयगत कुल विद्यार्थी संख्या र गाउँपालिका शिक्षकको मौजुदा अवस्था एवं आवश्यकता पहिचानको आधारको रुपमा प्रयोग गरिने छ ।

(ख) प्रारम्भिक बाल कक्षाको लागि सोहि कोटामा नियुक्त शिक्षक रहनेछ ।

(ग) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी, राहत अनुदान समेतलाई गणना गरिनेछ ।

(घ) काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलव भत्ता पाउँछन् सोही विद्यालयको शिक्षकमा गणना गरिनेछ ।

(ङ) न्युनतम विद्यार्थी संख्या कायम गर्दा प्रति शिक्षक २० जना विद्यार्थी अनिवार्य हुनुपर्नेछ । तर विद्यालयमा तोकिएको विद्यार्थी संख्या नभई कुनै पनि दरबन्दी नरहने अवस्था भएमा एकजनाको लागि हाललाई २० भन्दा कम विद्यार्थी भएपनि एउटा दरबन्दी रहने व्यवस्था गरिनेछ ।

(च) कुल विद्यार्थी संख्या १० भन्दा कम भएमा १ जना बालशिक्षकको व्यवस्था गरिनेछ ।

(छ) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा साविकमा रहेका प्राथमिक तह कक्षा (१–५), निम्नमाध्यमिक तह कक्षा (६–८), माध्यमिक तह कक्षा(९–१०) र उच्च माध्यमिक तह कक्षा (११–१२) लाई आधारका रुपमा लिने ।

(ज) दरबन्दी मिलान र व्यवस्थापन गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवर्धनमा जोड दिन विद्यालयमा बढी भएको दरबन्दी गाउँपालिका अन्तर्गतका विद्यालयमा मिलान तथा पुर्नवितरण गर्ने ।

(झ) एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म राहत, करार तथा स्वीकृत स्थायी लाई प्राथमिकताको आधारमा स्थानान्तरण गर्ने ।

(ञ) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्नुपर्ने विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये दरबन्दी उपलब्ध गराइएको विद्यालयमा स्वेच्छिक रुपमा जान चाहेमा त्यस्ता शिक्षकहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन उपर छानविन गरी स्थानान्तरण गर्न मनाशिव देखिएमा स्थानान्तरण गर्ने ।

(ट) दफा ३ को (झ) बमोजिम निवेदन नदिएमा शिक्षकको स्थानान्तरण गर्दा क्रमशः राहत, करार र स्थायी शिक्षकलाई नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ठ) स्थानान्तरण गर्दा अपाङ्गता भएका र महिलालाई प्राथमिकता क्रममा राख्ने ।

## परिच्छेद—३

## पुलमा रहेको दरबन्दी व्यवस्थापन

४. पुल दरबन्दी सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिम पहाडमा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको प्राथमिक तहको दरबन्दी संख्यालाई पुल दरबन्दीको रुपमा राख्ने ।

५. पुल दरवन्दी अन्यत्र पठाउने : गाउँपालिकाले आफ्नो तहको लागि एकिन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्कोविद्यालयमा मिलान गर्ने । त्यसरी मिलान गर्दा सम्बन्धित वडाको कट्टी हुने दरबन्दीलाई सम्भव भएसम्म सोही वडामा मिलान गर्ने ।

६. दरबन्दी कट्टी हुने आधार :

(क) न्युन विद्यार्थी संख्या (प्रतिशिक्षक२० जनाभन्दा कम भएमा)

७. दरवन्दी थप हुने आधार :

(क) उच्च विद्यार्थी संख्या (प्रतिशिक्षक २० जनाभन्दा वढी भएमा)

## परिच्छेद ४

## दरबन्दी मिलान कार्यदलको व्यवस्था

८.१ दरबन्दी मिलान कार्यदलको गठनः हरेक बर्ष दरबन्दी मिलान कार्यमा सिफारिस गर्नका लागि देहाय बमोजिमको दरबन्दी मिलान कार्यदल रहनेछ ।

| | |
|---|---|
| क. सामाजिक विकास समितिको संयोजक | अध्यक्ष |
| ख. नेपाल शिक्षक महासंघ गाउँ अध्यक्ष | सदस्य |
| ग. माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट २ जना | सदस्य |
| घ. शिक्षा शाखा प्रमुख | सदस्य |
| ङ शिक्षा शाखामा कार्यरत कर्मचारी १ जना | सदस्य—सचिव |

८.२ दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या यकिन गर्ने ।

ख. दरबन्दी मिलान कार्यको लागि आवश्यक पर्ने सरुवा/मिलानको आवेदन फाराम भराउने ।

ग. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनोट फारामहरु विश्लेषण गर्ने ।

घ. विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षकको नामावली विवरण तयार गरी गाउँशिक्षा समितिमा पेश गर्ने ।

ङ. गाउँपालिकाले दिएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

८.३ समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

८.४ समितिको सचिवालयका लागि आवश्यक पर्ने वजेट रकम तथा समितिका पदाधिकारीहरुको वैठक तथा अनुगमन भत्ता लगायतका सुविधा स्वीकृत कार्यक्रम अनुसार हुनेछ ।

## परिच्छेद–५
## **विविध**
### **दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने समयावधि :**

९. दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने समयावधि देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकाले फागुन मसान्तभित्र यस कार्यविधिको आधारमा प्राथमिकता तोकि दरबन्दी मिलान तथा व्यवस्थापन गरि सक्नु पर्ने छ ।

ख) गाउँपालिकाले शिक्षक दरबन्दी मिलानको प्रगति विवरण चैत मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ,रोल्पामा पठाइ सक्नु पर्ने छ ।

१०. शिक्षक स्थानान्तरण भएको स्थानमा जानु पर्ने :

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित कुनै पनि विद्यालयले हाजिर गराउने छैन ।

११. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने :

दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भइ आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेछ । विद्यालयमा शिक्षकलाई हाजिर गराउने तथा स्थानान्तरण भइ जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१२. सहयोग लिन सक्ने : गाउँपालिकाले दरबन्दी मिलान तथा व्यवस्थापन  गर्दा आइपर्ने समस्या समाधानका लागि शिक्षा विकास तथा समन्वय इकाइ सहयोग लिन सक्नेछ ।

१३. समन्वय र सहजीकरण गर्ने : दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टी हुने अवस्था आएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भइ आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति र गाउँपालिका भित्र गठित नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघ संगठन हरुले उक्त कार्यका लागि आवश्यक सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

१४. आवधिक दरबन्दी मिलान सम्बन्धि व्यवस्था :

१)  स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गइ दरबन्दी मिलान तथा पुर्नवितरण गर्न आवश्यक देखिएमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवाश्यक्ता अनुसार शैक्षिक सत्र शुरु हुनु अगावै दरबन्दी मिलान तथा पुर्नवितरण गर्नुपर्नेछ । नयाँ शैक्षिक सत्र शुरु हुँदाको वखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम दरबन्दी मिलान तथा पुर्नवितरण गर्दा यस कार्यविधिमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नुपर्नेछ ।

१५. बाझिएमा अमान्य हुनेः यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

१६. बाधा अड्काउ फुकुवा हुने :

यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागि गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

आज्ञाले,<br>
धनि प्रसाद खड्का<br>
प्रमुख प्रशासकीय अधिकृत